# ६ पवित्र आत्मा र येशूभक्तको पवित्र जीवन

***यस अध्यायका मूल पदहरू:*** १ पत्रुस १:१४-१६, यशैया ६:३, हिब्रू १२:१४, १ कोरन्थी ६:११, १ तिमोथी १:८ र भजन १५:१,२।

***यस अध्यायक सम्झनुपर्ने मूल सार पद:*** "परमेश्वर त्यो परमेश्वर हुनुहुन्छ जसले शान्ति दिनुहुन्छ। सबै तर्फबाट उहाँले तिमीलाई पवित्र र चोखो राखोस्। तिम्रो सारा आत्मा वा जोश, हृदय वा दिमाग र शरीरलाई दोषी हुनबाट बताएर राखियोस्। अहिले र हाम्रा प्रभु येशू ख्रीष्ट नआउँञ्जेल तिमी दोषरहित भएर बस्न सकोस्।" (१ थेस्सोलिनिकी ५:२३ रूपान्तरित)।

परमेश्वरको पवित्रताको बिरूद्धमा हामीहरूका हृदयहरू कठोर बनाउन धेरै सजिलो छ। जसरी परमेश्वरले पाप र दुष्टतालाई घृणा गर्नु हुन्छ भन्ने कुरा बिर्सन सजिलो छ त्यत्तिकै परमेश्वरको पवित्रतालाई बिर्सनु सजिलो छ।

तर पवित्र भन्ने विषय बाइबलमा महत्त्वपूर्ण मानिएको छ। पवित्र, निर्दोषी वा शुद्ध जीवन बिताउने लक्ष्य प्रत्येक येशू भक्तको हुनुपर्छ। हामी येशू जस्तै प्रेमिलो र चोखो हुनुपर्छ। तर कोही "तिमीभन्दा म चोखो छु, पवित्र छु, निर्दोषी छु" भनेर दावी गर्ने व्यक्तिदेखि गहिरो रूपमा दुःखित हुनु सही हो। फेरि त्यसै समय हामी पवित्र, चोखो र शुद्ध जीवन बिताउन चाहना गर्नुपर्छ।

परमेश्वरको प्रेम र उहाँको पवित्रता सँगसँगै जान्छ। तिनीहरूलाई अलग गर्न सकिन्दैन। यदि परमेश्वर पवित्र हुनुभएन भने उहाँको प्रेम केवल भावनामात्र हुन्छ। यदि परमेश्वरमा प्रेम भएन भने उहाँको पवित्रता कठोर, कडा मिजासको र अमानविय जस्तो देखिन सक्छ। परमेश्वरको प्रेम र उहाँको पवित्रताले उहाँ को हुनुहुन्छ भनेर देखाउने उहाँका चरित्रहरूको मौलिक भाग हो।

त्यसकारण हामीहरूको पवित्र जीवन बिताउने प्रयासमा पवित्र आत्माको भूमिका अत्यन्ति गहिरोसँग गाँसिएको हुन्छ। वास्तविक रूपमा भन्नुपर्दा परमेश्वरको नाउँ पवित्र आत्मा हो। र उहाँलाई "पवित्रको आत्मा" भनेर सम्बोधन गरिएको छ (रोमी १:४ रूपान्तरित)। त्यस परिवेशमा उहाँको नाउँले परमेश्वर पवित्र हुनुहुन्छ भनेर हामीलाई याद दिलाउँछ। उहाँकै नाउँले

हामीलाई यो याद दिलाउँछ कि पापीहरूलाई पवित्र बनाउने परमेश्वरको महान् चाहना हो।

यस अध्यायमा पवित्र भन्नुको अर्थ के हो र पवित्र जीवन यापन गर्नु भनेको के हो त्यसको बारेमा गहिरोसँग हेर्नेछौं।

## १. परमेश्वरको पवित्रता (१ पत्रुस १:१३-१६)

हामी पवित्र जीवन बिताउनु पर्ने अत्यन्त ठूलो कारण परमेश्वरको पवित्रता नै हो भनेर किन भनिन्छ? कुन कारणहरूले गर्दा पवित्र जीवन बिताउने बिताउने मोडमा तपाईंलाई राखिन्छ? परमेश्वर पवित्र हुनुहुन्छको अर्थ के हो? हेर्नुहोस् १ पत्रुस १:१३-१६ "१३ यसकारण काम गर्न तिमीहरूको मन तयार होस्। होशियार होओ अनि प्रभु येशू आउनुहुँदा पाइने आशिष्मा नै पूरा भरोसा राख। १४ अघि अन्जानमा हुँदाखेरिका अभिलाषाका कुराहरूले अहिले तिमीहरूको जीवन नचलाओस्, तर परमेश्वरको आज्ञा मान। १५ तिमीहरूलाई बोलाउनुहुने परमेश्वर पवित्र हुनुहुन्छ। यसकारण तिमीहरू पनि सबै कामकुरामा पूरा पवित्र होओ। १६ धर्मशास्त्रले भन्छ, "पवित्र होओ किनभने म पवित्र छु।"

परमेश्वरको गरिमामय पवित्रतालाई उल्लेख नगरेर उहाँको प्रेमको बारेमामात्र चर्चा गर्नु आजको लोकप्रिय चलन हो। परमेश्वर प्रेम हुनुहुन्छ भन्ने कुरा सत्य हो। फेरि त्यसैवखत बाइबलमा परमेश्वरको नाउँ उहाँको पवित्रतासँग अरू कुनै अवधारणाहरूसँगभन्दापनि बेसी गाँसिएको छ (उदाहरणमाः भजन ८९:१८ "परमप्रभु, तपाईंले हाम्रो रक्षक चुन्नुभयो, तपाईं इस्राएलका पवित्र परमेश्वरले हामीलाई हाम्रो राजा दिनुभयो!", यशैया ४०:२५ "पवित्र परमेश्वरको तुलना कोसित गर्न सकिन्छ? उहाँजस्तो अरू कोही छ?", यर्मिया ५१:५ " इस्राएल र यहूदाका मानिसहरूले म इस्राएलका परमपवित्र परमेश्वरको विरुद्धमा पाप गरे तापनि म सर्वशक्तिमान् परमप्रभुले तिनीहरूलाई त्यागेको छैनँ।", इजकिएल ३९:७ "मेरो प्रजा इस्राएललाई मेरो पवित्र नाम जनाउनेछु र म मेरो नामको बेइज्जत फेरि हुन दिनेछैनँ। तब 'म परमप्रभु नै इस्राएलका पवित्र परमेश्वर हुँ' भनी जातिहरूले जान्नेछन्।" र प्रकाश ४:८ ८ ती चारवटा जीवित प्राणीहरूका छ-छवटा पखेटा थिए र ती पखेटाहरूका बाहिर र भित्र दुवैपट्टि आँखाहरूले भरिएका थिए। रातदिन उनीहरूले नरोकीकन यसो भन्दै गीत गाइरहेका थिए, "सर्वशक्तिमान् परमप्रभु परमेश्वर

पवित्र, पवित्र, पवित्र हुनुहुन्छ। उहाँ हुनुहुन्थ्यो, उहाँ हुनुहुन्छ र उहाँ हुनुहनेछ।") पवित्र भन्ने शब्दले परमेश्वरको हृदय र दिमाग अत्यन्त शुद्ध छ भनेर व्याख्या गर्दछ। उहाँको पवित्रताले यो देखाउँदछ कि उहाँ शिद्धरूपमा असल हुनुहुन्छ। त्यसको अर्थ उहाँ खराब तथा दुष्टताबाट पूर्णरूपमा अलग हुनुहुन्छ।

परमेश्वरसँग असिमित शक्ति छ। उहाँको ज्ञान अपार र शिद्ध छ। उहाँ सर्वज्ञानी हुनुहुन्छ। उहाँ एक पल्ट जहाँ पनि हुने शक्ति छ वा उहाँ सर्वव्यापी हुनुहुन्छ। तर उहाँमा ती सबै गुणहरू छन् तर पवित्र हुनुभएन भने के हुन्छ? तर हामी उहाँको शक्तिसँग त्राही त्राही हुनु वा डराउनु उचित देखिन्छ। तर उहाँ त्यस परमेश्वर हुनुहुन्छ जससँग डरले होइन प्रेमले गर्दा नजिक आउनुपर्छ।

उहाँको शक्ति पवित्र शक्ति हो। उहाँको दया र करुणा पवित्र दया र करुणा हुन्। उहाँको ज्ञानबुद्धि पवित्र ज्ञानबुद्धि हो। र उहाँको प्रेम पवित्र प्रेम हो। त्यसकारण परमेश्वरको सर्वश्रेष्ठ गुण वा चरित्रलाई झल्काउने शब्द नै पवित्र शब्द हो। तर परमेश्वर को हुनुहुन्छ भनेर व्याख्या गर्न प्रयोग गरिने शब्दहरूमा पवित्र शब्द उत्कृष्ट छ। परमेश्वर शुद्ध छैन वा पवित्र छैन भन्नु भनेको उहाँलाई अस्वीकार गर्नुभन्दा पनि गम्भिर र नराम्रो छ। जीवित परमेश्वरलाई वेवास्ता गर्नु वा नमान्नुको अर्थ उहाँको अस्तित्वलाई नै अस्वीकार गर्नु हो। परमेश्वर पवित्र र शुद्ध छैन भन्नुको अर्थ उहाँ कुरुप, जघन्य वा घृणास्पद हुनुहुन्छ भनेर स्वीकार्नु हो।

परमेश्वरको पवित्रताले गर्दा नै उहाँ पापबाट अलग हुनुहुन्छ। जे असल छ त्यो मात्रै उहाँले गर्नुहुन्छ र सोच्नुहुन्छ, त्यो नै उहाँ हुनुहुन्छ। अर्को शब्दमा भन्ने हो भने पवित्र हुनु भनेको अर्थ शुद्ध र निश्चल हृदय हुनु र असल र निर्दोष निर्णयहरू गर्नु हो। त्यसको अर्थ पापबाट अलग भएर बस्नु हो। र हामीहरूको सन्दर्भमा परमेश्वरलाई महिमा दिनुनै पवित्र जीवन यापन गर्नु हो।

यशैया ६:३ र प्रकाश ४:८मा परमेश्वर "पवित्र, पवित्र, पवित्र" भनेर उल्लेख गरिएको छ। जुन् महत्त्वपूर्ण शब्द छ त्यसलाई बाइबलका लेखकहरूले दोहोऱ्याउँछन्। जे भनिएको छ त्यसलाई गम्भिर रूपमा हामीहरूको ध्यानलाई आकर्षित गर्न तिनीहरूलाई शब्दलाई दोहोऱ्याउँछन्। येशूले पनि हामीहरूको ध्यानलाई महत्त्वपूर्ण विषयमा केन्द्रित गर्न शब्दहरूलाई

दोहोऱ्याउनुहुन्छ। उदाहरणमा उहाँले दोहोऱ्याउनुहुन्छ, "साँच्चै, साँच्चै" (यूहन्ना ५:२४, यूहन्ना ६:४७ कतिपय अङ्ग्रेजी अनुवादमा यो साँच्चै शब्द उपरोक्त पदहरूमा दोहोरिएको छ तर नेपाली अनुवादमा यसरी दोहोरिएको छैन तापनि येशूले एउटै अंशमा साँच्चै भन्ने शब्द दोहोऱ्याएर प्रयोग गर्नुभएको छ-अनुवादकको टिप्पणी)। उहाँले मत्ती २३:३७मा "यरुशलेम, यरुशलेम" भन्नुभएको थियो भने लूका १०:४१मा मार्थाको ध्यान आकर्षित गर्न "मार्था, मार्था" भनेर सम्बोधन गर्नुभएको थियो। तर परमेश्वरको पवित्रतामात्र तिन पटक एकै ठाउँमा दोहोऱ्याइको थियो। त्यो उहाँको बारेमा नै सम्बोधन गर्न उल्लेख गरिएको थियो। यशैया र प्रकाशको पुस्तकमा पवित्र भन्ने शब्द तिन पल्ट दोहोऱ्याइएको कारण पवित्रता भन्ने शब्द अत्यन्त महत्त्वपूर्ण र गरिमामय छन्। हो, परमेश्वर पवित्र हुनुहुन्छ। उहाँ असल, शुद्ध र अमिश्रित हुनुहुन्छ।

यदि परमेश्वर पवित्र र प्रेमिलो हुनुहुन्न भने उहाँदेखि तपाईं कतिको डराउनुहुन्छ होला? तपाईंको जवाफले के भन्छ जसले गर्दा परमेश्वर को हुनुहुन्छ त्यसमा तपाईं कृतज्ञ हुनुहुन्छ?

## २. पवित्र हुनुको अर्थ के हो (एफिसी ५:२५-२७)

"येशूको नजिक आउनुहोस्। उहाँको नजिक बसेपछि तपाईं कतिको पापी हुनुहुँदो रहेछ भनेर तपाईंले महसुस गर्नुहुनेछ। तपाईं को हुनुहुन्छ सो प्रष्ट रूपमा देखिन सक्नु नै शैतानको झुठो कदममा उसको शक्ति हारिएको छ भनेर प्रमाणित गर्दछ। परमेश्वरको जीवन दिने आत्माको शक्तिले तपाईंको जीवनमा काम गरिरहेको छ भन्ने प्रमाण त्यसबाट देखाउँछ।"-एलेन जी ह्वाइट, स्टेपस टु क्राइस्ट, पृ. ६४,६५बाट रूपान्तरित।

चर्चको निम्ति र उहाँका सबै जनहरूको निम्ति परमेश्वरको उद्देष्य के हो अर्थात् उहाँको चाहना के हो भनेर देहायका केही पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्ः एफिसी १:३-६ "३ हाम्रा प्रभु येशू ख्रीष्टका पिता परमेश्वरलाई धन्यवाद होस्। उहाँले येशू ख्रीष्टमा हामीहरूलाई स्वर्गीय स्थानहरूमा प्रत्येक आत्मिक आशिष् दिनुभएको छ। ४ उहाँले संसार सृष्टि गर्नुभन्दा अघि नै ख्रीष्टमा हामीलाई आफ्ना सामु पवित्र र निर्दोष पार्न छान्नुभएको थियो। ५ माया गरेर उहाँले आफ्नो उद्देश्यअनुसार हामीलाई ख्रीष्टमा आफ्ना छोराहरू बनाइसक्नुभएको थियो। ६ हामी यति ठूलो अनुग्रहको लागि परमेश्वरलाई धन्यवाद चढाऔं। उहाँले आफ्नो प्यारो पुत्रमा

हामीलाई यो सित्तैंको दान दिनुभयो।", एफिसी ५:२५-२७ "२५ पतीहरू हो, ख्रीष्टले आफ्नो मण्डलीलाई ज्यान दिएर प्रेम गरेझैं आ-आफ्ना श्रीमतीलाई प्रेम गर। २६ ख्रीष्टले मण्डलीलाई पवित्र बनाउन आफ्नो वचनद्वारा र पानीले धोएर शुद्ध बनाउनुभयो २७ र आफैंलाई दिन यो मण्डली पवित्र, निर्दोष, दाग नभएको, चाउरी नपरेको, कुनै किसिमको खोट नभएको, पवित्र सुन्दर मण्डली बनाउन यसो गर्नुभयो।" र हिब्रू १२:१४ "सबै मानिसहरूसँग मिलेर बस्न अनि पवित्र जीवन बिताउन बल गर किनभने पवित्र नभई कसैले प्रभुलाई देख्न सक्नेछैन।"

पवित्र हुनु भनेको परमेश्वरको दुवै बरदान र निर्देशन हो। प्रत्येक दिन हामी पवित्र हुन प्रार्थना गर्नुपर्छ। अनि प्रत्येक दिन पवित्र तथा सन्तको जीवन बिताउन सहायताको निम्ति हामीले परमेश्वरसँग प्रार्थना गर्नुपर्छ। आखिरमा पवित्र हुनु भनेको पवित्र आत्माको फल हो। हामीहरूको जीवनले यो देखाउँछ। जब प्रत्येक दिन पवित्र आत्माको अगुवाईमा ख्रीष्टसँग हिँड्छौं त्यसबाट पनि हामीहरू सन्त वा पवित्र जीवन बिताइरहेकाछौं भनेर देखाउँदछ (गलाती ५:१६,२२,२५)। पवित्रता भनेको एक शब्दले परिभाषित गर्दछ, त्यो हो *ख्रीष्टजस्तै हुनु*। त्यसको अर्थ येशू जस्तो हुनु र निश्वार्थ जीवन बिताउनु हो। त्यसको अर्थ येशूमा रहनु हो। त्यसको अर्थ बालकले जस्तै जीउनु हो। त्यसको अर्थ उहाँलाई प्रेम गर्नु र उहाँका वचनहरू पालन गर्नु। त्यसको अर्थ उहाँ जस्तै दिन दिनै बढ्दै जानु हो। अर्को शब्दमा भन्ने हो भने पवित्र हुनु भनेको परमेश्वरको विशेष कामको निम्ति अलग हुनु हो। अर्को अर्थमा भन्ने हो भने पवित्र हुनु भनेको परमेश्वरको सामु असल, शुद्ध र निर्मल जीवन बिताउनु हो। ती सबै परिभाषाहरू एकै ठाउँमा मिलाएर राख्नुपर्छ।

नयाँ करारमा विश्वासीहरूलाई पवित्र हुन आह्वान गरिएको छ। तिनीहरूको येशूसँगको बिशेष सम्बन्धले गर्दा तिनीहरू बिशेष कामको निम्ति छुट्याइएको छ। त्यसको अर्थ यो होइन कि यस संसारमा पवित्र हुनु भनेको शिद्ध र पापरहित हुनु भनेको होइन वा म शिद्ध र पापरहित छु भन्ने दावी गर्ने अवस्थामा पुग्नु होइन। तर तिनीहरू शुद्ध र पवित्र जीवन बिताउन तिनीहरू परिवर्तन हुन सुरू गर्नु हो। (१ कोरन्थी १:२मा पावलले कोरन्थीका विश्वासीहरूलाई सन्त वा पवित्र जनहरू भनेर सम्बोधन गरेका थिए। त्यसको अर्थ तिनीहरू पापरहित र शिद्ध थिएन)।

अर्को शब्दमा भन्ने हो भने विश्वासीहरू पवित्र हुने प्रयासमा लाग्नुपर्छ। किन त? किनभने पवित्रता बिना कसैले परमेश्वरलाई देख्न सक्दैन (हिब्रू १२:१४)। जब परमेश्वरकहाँ जो कोही आउँछ उहाँले आफ्नो शिद्ध प्रेम अनुसार प्रत्येक विश्वासीलाई ग्रहण गर्नुहुन्छ। तर हामी एकै दिनमा पवित्र हुने होइन, यो जीवनभरिको प्रक्रिया हो। त्यसको अर्थ हामीहरूको प्रत्येक क्षण परमेश्वरको आत्माले भरिनु हो। त्यसको अर्थ हामीहरूको प्रत्येक क्षण उहाँको उपस्थितिमा रहनु हो। अनि मात्र हामीलाई मुक्ति दिने परमेश्वरको स्वरुपमा बदलिन्दै जानेछौं।

पापीहरूलाई पवित्र बनाउन सम्भाव्यता परमेश्वरको हातमा छ। त्यसकारण तिनीहरू पवित्र हुन र पवित्र जीवन बिताउन किन प्रयास गरिरहनुपर्छ? झट्ट हेर्दा ती दुई तर्कहरू एक आपसमा बाझिएको जस्तो देखिन्छ। हामीलाई थाहा छ कि हामी परमेश्वरको भइसकेका छौं। येशू क्रुसमा टाँगिनुभएकोले  उहाँले हामीलाई ग्रहण गर्नुहुन्छ। त्यसकारण ती दुई कुराहरू थाहा पाएर पवित्र जीवन बिताउनु भनेको के हो भनेर बुझ्न सजिलो बनाउँछ?

## ३. जसले हामीलाई पवित्र बनाउनुहुन्छ (१ कोरन्थी ६:११)

बाइबलले जिकिर गर्दै पवित्र, शुद्ध, निर्मल र सन्त जीवन बिताउन हामीलाई आह्वान गरिएको के हो भनेर देहायका केही पदहरूले कसरी व्याख्या गर्दछन्? हेर्नुहोस्: १ कोरन्थी ६:७-११ "७ तिमीहरूको झगडाले तिमीहरू असफल भएको कुरा बुझाउँछ। बरु अन्यायमै पर्नु राम्रो हो। बरु अरूले तिमीहरूलाई लुटेको राम्रो हो। ८ तर तिमीहरूले दाजुभाइमै एक-अर्कालाई अन्याय गर्छौ, एक-अर्कालाई लुट्छौ। ९ अन्याय गर्नेले स्वर्गको राज्यमा पस्ने हक पाउँदैन भन्ने के तिमीहरूलाई थाहा छैन? आफैंलाई धोखा नदेओ। छाडा काम गर्ने, मूर्ति पुज्ने, व्यभिचार गर्ने, पुरुषगामी, १० चोर्ने, लोभ गर्ने, मात्ने, निन्दा गर्ने र लुट्नेहरूले स्वर्गको राज्यमा पस्ने हक पाउँदैन। <u>११ तिमीहरू कति जना एक समय यस्तै थियौ। *तर तिमीहरू पापबाट चोखियौ। परमेश्वरले तिमीहरूलाई पवित्र पार्नुभयो। प्रभु येशू ख्रीष्ट र हाम्रा परमेश्वरका आत्माद्वारा तिमीहरू परमेश्वरको अघि अब ठीक भएका छौ।*</u>", तितस ३:२-९ " २ तिनीहरूले (तिमीहरूले) कसैको विरोध नगरून् अनि झगडा पनि नगरून् तर सबै मानिसहरूसँग सुधा र मिलनसार होऊन् ३ किनभने हामीहरू आफैं पनि

एक समय मूर्ख, अनाज्ञाकारी र भुलमा परेका थियौं। हामीहरू नराम्रा इच्छाहरू र सबै प्रकारका सुख-विलासका कमाराहरू थियौं। हामीहरू आफ्नो जीवन द्वेष र डाहमा बिताउँथ्यौं; हेलित थियौं र एक-अर्कालाई हेला गर्थ्यौं। ४ तर जब हाम्रा मुक्तिदाता परमेश्वरको दया र मानिसप्रतिको प्रेम हामीले देख्यौं, *५ उहाँले हामीलाई बचाउनुभयो। हामी आफैंले कुनै असल काम गरेको हुनाले त यसो भएको होइन। तर उहाँकै दयाअनुसार उहाँले नयाँजन्म दिने नुहाइ र पवित्र आत्माको जीवन बदलाउने शक्तिद्वारा हामीलाई बचाउनुभएको हो।* ६ मुक्ति दिनुहुने प्रभु येशू ख्रीष्टले गर्दा परमेश्वरले उही पवित्र आत्मा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो। ७ यसरी उहाँको अनुग्रहले हामी परमेश्वरका अघि ठीक ठहरिन सक्यौं अनि हामीले आशा राखेका अनन्त जीवनको पनि हकदार हुन सक्यौं।" र हिब्रू १३:१०-१६ "१० हाम्रो एउटा वेदी छ, जसमा चढाएको बलिहरूबाट पवित्र पालमा काम गर्ने पूजाहारीहरूले खानुहुँदैनथ्यो। ११ इस्राएली प्रधान पूजाहारीले भित्र महापवित्र स्थानमा पापको लागि बलि चढाउने पशुको रगत लिएर आउँछन्। तर पशुको शरीरचाहिँ छाउनीबाहिर लगेर आगोमा डढाउँछन्। *१२ त्यसै गरी आफ्नै रगतले मानिसहरूलाई पापदेखि शुद्ध पार्न येशू पनि सहरको बाहिर मर्नुभयो*। १३ हामी पनि उहाँकहाँ सहरबाहिर गएर उहाँको निम्ति अपमान सहौं १४ किनभने यस संसारमा सधैंभरि रही रहने हाम्रो लागि सहर छैन। हामी त पछि आउने सहरको बाटो हेरेर बसिरहेका छौं। १५ यसकारण हामी सधैं येशूको नाउँमा परमेश्वरलाई स्तुतिको बलिदान चढाऔं। यो त उहाँको नाउँ लिनेहरूका ओठले चढाएको भेटी हो। १६ एक-अर्काको भलाइ गर्न र मद्दत गर्न नबिर्स। परमेश्वरलाई मन पर्ने बलिदान यही नै हो।"

हामी परमेश्वरमाथि विश्वास अर्थात् आस्था राखेर पवित्र हुन्छौं (हिब्रू ११:६) र पवित्र आत्माको शक्तिले पनि हामी पवित्र हुन्छौं (२ थेस्सोलिनिकी २:१३, १ पत्रुस १:२)। प्रेरित पावलले भन्दछन् “तर तिमीहरूको पाप धोएर पखालिएको छ। तिमीहरू पवित्र बनाइएका थियौ। तिमीहरू परमेश्वरसँग ठिक हुन पुगेका थियौ। ती सबै काम प्रभु येशू ख्रीष्टको नाउँले गरिएको थियो। हामीहरूको परमेश्वरको आत्माले पनि त्यो काम गर्नुभएको थियो।" (१ कोरन्थी ६:११ रूपान्तरित)। त्यसकारण हामीहरूको सिङ्गो जीवनभरि पवित्र जीवन यापन गर्न वा सन्तमय जीवन फस्ताउने काम येशूद्वारा नै गरिन्छ। पवित्र आत्माको फल, गुण वा लक्षणहरू हामीहरूमा हुर्काउने काम

प्रभु येशूले नै गर्नुहुन्छ। हामी उहाँ जस्तै हुन हामीलाई परिवर्तन गर्ने काम उहाँको हो। त्यो परिवर्तन “हामीहरूको प्रभुले गर्नुहुन्छ जो पवित्र आत्मा हुनुहुन्छ" (२ कोरन्थी ३:१८ रूपान्तरित)।

गलाती ५:१६,१७मा हामीहरूलाई पावलले के भनिरहेका छन्, पढ्नुहोस्: “१६ यसैले म भन्दछु, पवित्र आत्माले भनेअनुसार हिंड र आफ्नो शारीरिक स्वभावको इच्छा पूरा गर्नेछैनौ १७ किनभने शारीरिक स्वभावको इच्छा आत्माको अनि आत्माको इच्छाले शारीरिक स्वभावको विरोध गर्दछ। यी दुवै एक-अर्काका शत्रु हुन् र तिमीहरूले गर्न खोजेका कुरा हुन पाउँदैन।"

निःसन्देह, प्रत्येक विश्वासीको जीवनमा घोर संघर्ष चलिरहेको हुन्छ। हामीहरूको जीवनमा पाप रहेकै कारण हामीहरूले आन्तरिक युद्धको सामना गरिरहेका छौं (रोमी ७:२०)। प्रेरित पावललाई व्यक्तिगत रूपमा त्यस आन्तरिक वा आफूभित्रको युद्धको बारेमा थाहा थियो। उनले आफ्नो जीवनको अन्तमा पनि त्यस मामिला यसरी व्यक्त गरेका थिए, “मैले त्यो युद्ध जितिसेको छु भनेर म भन्दिँन। तर एउटा कुरोमा म प्रतिवद्ध छु। जे कुरा बिगतमा भयो त्यसलाई बिर्सन्छु। मेरो अगाडि जे छ त्यसतर्फ बढ्न म भयङ्कर प्रयास गर्दछु। जितेर त्यो इनाम पाउने लक्ष्यमा पुग्न म आफूलाई अगाडि घचेट्दछु। त्यसलाई जित्न परमेश्वरले मलाई नियुक्त गर्नुभएको छ। त्यो पाउने स्वर्गको इनाम येशू ख्रीष्ट आफै हुनुहुन्छ।" (फिलिप्पीहरूलाई १२:१,२ रूपान्तरित))।

विश्वास अर्थात् परमेश्वरमाथि आस्था राखेर पापसँग युद्ध गर्नु भनेको के हो भनेर हिब्रू १२:१,२ले यसरी उल्लेख गरेको छः “१ हाम्रो लागि त हाम्रै वरिपरि साक्षीहरूको भीड छ। त्यसकारण हाम्रो बाटोमा आइपर्ने बाधाहरू र हामीलाई अल्झाइराख्ने पापहरूलाई हामी पन्साऔं अनि हाम्रो सामने भएको दौड दृढतासाथ दौडौं। २ हाम्रो विश्वास सुरु गर्ने र पूरा पनि गर्ने येशूलाई हेरिरहौं। क्रूसको दुःखको कारण उहाँ पछि हट्नुभएन, तर त्यसको साटो दुःख भोगेपछि पाइने आनन्दको निम्ति उहाँले क्रूसको बेइज्जती पनि केहीजस्तो मान्नुभएन। अहिले उहाँ परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ।"

पापसंग लड्न हामीलाई आह्वान गरिएको छ। यो शर्त मात्र हो जीतेर अघि बढ्न सक्नेछौं यदि “हामी येशूतिर नजर राख्दै अघि बढ्यौं भने। हामीहरूको विश्वास अर्थात् आस्थको यात्रा उहाँले नै सुरू गर्नुभएको थियो। त्यो विश्वासको यात्रा उहाँले नै पूरा गर्नुहुनेछ।" (हिब्रू १२:२ रूपान्तरित)। तर प्रायजसो हामीहरूको धार्मिक वा आत्मिक अनुभव हामीहरूमै केन्द्रित

भएको हुन्छ। हामीहरूको जित र हारलाई परमेश्वरमा भर पर्नुभन्दा हामीमा नै धेरै भर परेको पाउँछौं। पापसँग जित्न केवल परमेश्वरको सहायतालेमात्र हामी सक्छौं। किनभने येशूतिर नजर राखेर हिँडाउन चाहिने सहयोग पवित्र आत्माले गर्नहुन्छ। जब हामी येशूतिर हेर्दै अघि बढ्छौं तब हामीमा पाप गर्ने चाहना हुँदैन। अनि सजिलैसँग पापमा फस्न आउने सबै तत्वहरू पन्छिन्दै जान्छ (हिब्रू १२:१)। हामीहरूको पाप र हामीहरूको कमजोरीमा हामीहरूको आँखा केन्द्रित हुनुहुन्न। हामीहरू बलियो छौं भनेर आत्मगौरब गर्दै हामीले हामीलाई हेर्नुहुन्न। हामी येशूलाई नै हेर्नुपर्छ। जब हामीले हामीलाई हेर्छौं तब हामीहरूका कमजोरीहरू माथि आइरहेको हामी देख्छौं र हामीहरूको जीवन हारको जीवन भनेर दिक्क मानेर बस्न सक्छौं। हामीहरूको कमीकमजोरी र भूलहरूलाई हेर्‍यौं भने हामी निराश हुन्छौं। तर येशूलाई हेर्दै अघि बढ्ने प्रतिवद्धतमा रह्यौं भने उहाँको शक्तिले हामी पवित्र जीवन यापन गर्न हौसला मिल्दछ।

“बाइबलले प्रतिज्ञा गरेको अनुसार मैले पापलाई कसरी जित्ने?" भनेर कसैले सोध्यो भने तपाईंले कसरी जवाफ दिने?

## ४. परमेश्वरको व्यवस्थामा उल्लेख गरिएको पवित्रताको नीति (रोमी ७:१२)

परमेश्वरको नीति वा दश आज्ञालाई पालन गर्नुपर्छ भनेर परमेश्वर चाहनुहुन्छ भन्ने कुरा हामीलाई थाहा छ। तर यस मामिलाले एउटा प्रश्न वा जिज्ञासा उठाउँछ। यदि हामी परमेश्वरको व्यवस्था व दश आज्ञाहरूलाई पालन गरेर मुक्ति पाउँदैनौं भने त्यसलाई किन पालन गर्ने?

प्रेरित पावलले दश आज्ञाहरू वा व्यवस्थाको बारेमा स्पष्ट धारणा राखेका छन्। देहायका पदहरूमा दश आज्ञा वा व्यवस्थाले परमेश्वरको चरित्रलाई कसरी देखाउँदछन्? हेर्नुहोस्: रोमी ७:१२ “ व्यवस्था आफैं नै पवित्र छ अनि धार्मिक आज्ञा पनि पवित्र, न्यायी र असल छ।" र १ तिमोथी १:८ “ हामीलाई थाहा छ, ठीकसँग चलायो भने व्यवस्था धेरै राम्रो कुरो हो।"

परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू पवित्र, न्यायोचित र असल छन्। ती तिन शब्दहरूले केवल परमेश्वरलाई र उहाँको व्यवस्थालाई व्याख्या गर्न सकिन्छ। त्यसकारण परमेश्वर कस्तो हुनुहुन्छ भनेर उहाँको चरित्रलाई जान्न चाहन्छौं भने हामीले उहाँको व्यवस्था वा नीतिलाई हेर्नुपर्छ।

पवित्र आत्माले भरिएको जीवन बिताउनुको अर्थ उहाँको विधान वा व्यवस्थाको नीति अनुसार चल्न राजी हुनु हो। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू कहिले पनि परिवर्तन हुँदैन। परमेश्वर परिवर्तन हुँदैन। उहाँ जहिले पनि पवित्र हुनुहुन्छ। उहाँको व्यवस्था वा दश आज्ञाहरू पनि पवित्र छ। परमेश्वरको व्यवस्थालाई निलम्बन गर्न आफू आएको होइन भनेर येशूले जिकिर गर्नुहुन्छ। बरु व्यवस्था वा दश आज्ञाहरूको प्रत्येक बुँदालाई हामीले पालन गर्नुपर्छ भनेर देखाउन उहाँ आउनुभएको थियो (मत्ती ५:१७-१९)। तर परमेश्वरको व्यवस्था वा दश आज्ञा अनुसार चल्नु भनेको हामीहरूको असल काम वा धर्मकर्मले हामीले मुक्ति पाउन प्रयास गर्नुपर्छ भनेको होइन। परमेश्वरको व्यवस्थालाई पालन गर्नु भनेको उहाँमाथिको विश्वास तथा आस्थालाई सक्रिय बनाउनु हो। व्यवस्था वा दश आज्ञाले हामीलाई मुक्ति दिँदैन। यसले कहिलै पनि हामीलाई पापबाट उद्धार गर्न सक्दैन। दश आज्ञा वा व्यवस्था पालन गर्नु भनेको मुक्ति पाउने उपाय हो भन्ने धारणा हामीहरूको कहिलै पनि होइन। बरू मुक्ति पाएको छ र मुक्ति पाउने व्यक्ति परमेश्वरको नीतिमा हिँडिरहेको हुन्छ भनेर देखाउने आदर्श बाटो परमेश्वरको व्यवस्था वा दश आज्ञा हो। जब प्रभु येशूलाई विश्वास गर्छौं तब उहाँको बाटोमा कसरी हिँडेर जीउने र अरूलाई कसरी प्रेम गरेर जीवनलाई अगाडी बढाउने भनेर परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूले देखाउँछ। उहाँको व्यवस्थाको नीति अनुसार नचल्ने मानिसहरूलाई के हुन्छ भनेर येशूले यसरी चेतावनी दिनुभएको थियो, “दुष्टता बढेको कारण प्रायजसो मानिसहरूको प्रेम चिसो हुन्छ वा सेलाएर जान्छ" (मत्ती २४:१२ रूपान्तरित)। अर्को स्पष्ट अर्थमा भन्ने हो भने जब परमेश्वरको व्यवस्था वा दश आज्ञाको सराहना गर्दैन तब मानिसभित्र भएको ममता, माया आदि चिसो हुन्छ वा सेलाएर जान्छ।

प्रेम गर्नु भनेकै परमेश्वरको व्यवस्था वा दश आज्ञा पूरा गर्नु हो भनेर देहायका पदहरूलाई कसरी देखाउँछन्? हेर्नुहोस्ः रोमी १३:८-१० "८ आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ। किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ। ९ “तिमीले व्यभिचार नगर, तिमीले हत्या नगर, तिमीले चोरी नगर, तिमीले लोभ नगर,” यी आज्ञाहरूबाहेक, र अरू जति आज्ञा छन्, ती सबैको सारांश यसै आज्ञामा पाइन्छ, अर्थात् “तिमीले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर।” १० _प्रेमले छिमेकीको खराबी गर्दैन। यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो।_" र मत्ती २२:३४-४०

"३४ उहाँले सदुकीहरूलाई चूप पार्नुभयो भन्ने सुनेर फरिसीहरू उहाँकहाँ भेला भए। ३५ तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, ३६ "गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?" ३७ उहाँले तिनलाई भन्नुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्‍वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान् र प्रथम आज्ञा यही हो। ३९ दोस्रो पनि त्यस्तै छ, तिमीले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। ४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।"

स्पष्ट रूपमा भन्ने हो भने परमेश्‍वरको व्यवस्था वा दश आज्ञाहरू नै पवित्र वा शुद्ध जीवन बिताउने मापदण्ड वा नीतिनियम हो। उहाँको पवित्रताको केन्द्रविन्दुमा प्रेम सजिएको हुन्छ। त्यसकारण हामीलाई उद्धार गर्न वा मुक्ति दिन परमेश्‍वरले किन चासो देखाउनुभयो भन्दा उहाँले हामीलाई प्रेम गरेकै कारणले हो भनेर हामी ठोकुवा गर्न सक्छौं। अनि हामीमा पनि त्यो प्रेम छ भनेर देखाउन उहाँको नीति वा आज्ञाहरूप्रति प्रतिवद्धता देखाउँदै पालन गर्नुपर्छ। म क्रिश्‍चियन हुँ भन्दै येशूलाई विश्‍वास गर्छुचाहीँ भन्ने उहाँको नीतिमाचाहीँ नहिँड्ने मानिस उहाँको असली भक्त कसरी हुन सक्छ र? उहाँको व्यवस्था पाल नगर्ने व्यक्ति येशूको सत्य चेला हुनसक्दैन। फेरि त्यसै वखत परमेश्‍वरको व्यवस्था वा आज्ञालाई पालन गर्छु भनेरचाहीँ देखाएको जस्तो गर्ने तर प्रेमचाहीँ नगर्ने, त्यस्तो व्यक्ति कदापि येशूको असली चेला हुन सक्दैन। तर असली वा सही प्रेम कसरी देखाउने भनेर जोख्ने तराजु परमेश्‍वरको व्यवस्था वा आज्ञाहरू हुन्। सत्य वा असली प्रेम भरपर्दो र विश्‍वासिलो हुन चाहना गर्दछ। प्रेमले परमेश्‍वरको व्यवस्था, आज्ञा वा नीतिलाई निलम्बन गर्दैन वा हटाउँदैन। जसले प्रेम गर्छ त्यसले परमेश्‍वरको व्यवस्थालाई भित्रि हृदयदेखि पालना गरेर देखाउँछ।

किन हामीमाथि परमेश्‍वरको प्रेमको चित्रण उहाँको व्यवस्था वा आज्ञाले देखाउँदछ? परमेश्‍वरको प्रेम र आज्ञाकारिता किन एक आपसमा बुनिएको हुन्छ?

## ५. पवित्र वा निष्कलङ्क जीवन यापन गर्न कोसिस गर्नु (एफिसी ४:२२-२४)

पवित्रताको बारेमा देहायका पदहरूले अझ कस्तो व्याख्या गरेका छन्? पढ्नुहोस्: भजन १५ "१ _हे परमप्रभु, तपाईंको पवित्रस्थानमा कसले वास_

*गर्न पाउनेछ? तपाईंको पवित्र पर्वतमा को बस्न पाउनेछ?* २ त्यो मानिस, जसको चाल निर्दोष छ, र जसले ठीक-ठीक काम गर्छ, र हृदयबाट सत्य बोल्छ, ३ जसले आफ्नो जिब्रोले अरूको निन्दा गर्दैन, जसले आफ्नो छिमेकीको बिगार गर्दैन,र आफ्नो साथी-भाइको अपवाद फैलाउँदैन, ४ जसले भ्रष्ट मानिसलाई घृणा गर्दछ, _तर परमप्रभुको भय मान्नेहरूलाई आदर गर्दछ, जसले आफ्नो हानि हुँदा पनि आफूले प्रतिज्ञा गरेको कुरा बद्लँदैन, ५ जसले आफ्नो रुपियाँ व्याजमा लाउँदैन, र निर्दोषको विरुद्धमा घूस लिँदैन। यस्ता काम गर्ने कहिल्यै पनि डग्नेछैन।', एफिसी ४:२०-२४ "२० तर ख्रीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। २१ येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु। २२ छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। २३ र आफ्नो भित्री वर्तावमा नयाँ होओ, २४ र *परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर।"* र २ तिमोथी २:२०-२६ "२० ठूलो घरमा सुन र चाँदीका भाँड़ाहरू मात्र हुँदैनन्, तर काठ र माटोका पनि हुन्छन्, कुनै आदर र कुनै अनादरका निम्ति। २१ जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ। *२२ यसकारण जवानीका अभिलाषाहरू त्याग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरूका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख। २३ तर मूर्ख र बेसमझका सवाल जवाफलाई इन्कार गर– तिमी जान्दछौ यिनीहरूबाट झगडा हुन्छ। २४ प्रभुको सेवक झगडालु हुनुहुँदैन, तर हरेकको लागि दयालु, योग्य शिक्षक, सहनशील, २५ र नम्रतासाथ आफ्ना विरोधीहरूलाई सुधार्ने हुनुपर्दछ, र शायद परमेश्वरले तिनीहरूलाई पश्चात्ताप गर्ने, सत्यतालाई बुझ्ने मन दिनुहुनेछ, २६ र तिनीहरू चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्, जसले तिनीहरूलाई त्यसको इच्छाअनुसार चल्नलाई कैदी बनाएको छ।"*

यदि सक्कलीरूपमा परमेश्वरसँग सङ्गति गर्न चाहन्छ र उहाँसँगको सम्बन्धमा रमाइलो वा खुशीको वातावरणमा रहन चाहन्छ भने पहिला हामीमा पवित्रता हुनै पर्छ वा हामी शुद्ध हुनैपर्छ। हामीमा हुने पवित्रताले परमेश्वरको इमान्दारिताका साथ भित्री मनले सेवा गर्नको निम्ति हुनुपर्छ र हामीहरू उहाँको

निम्ति उपयोगी हुनुपर्छ। यो प्रचलित सत्य कथन हामीलाई थाहा छः "क्रियाकलापको बिऊ रोप, आनीबानीको कटानी गर, असल चरित्र वा स्वभावको निर्माण गर।' त्यस भनाईको अर्थ यो हो कि हामी के गर्छौं र हामीहरूको व्यवहार कस्तो छ त्यसले हामी को हौं त्यो देखाउँछ। अर्को पनि भनाई जुन् अघिको जस्तै छः "चरित्र वा तपाईं को हो त्यसले भविष्यको निर्धारण गर्दछ।" अर्को शब्दमा भन्ने हो भने तपाईंले बोल्ने बोलीहरूले, तपाईंले सोच्ने बिचारहरूले, तपाईंमा भएको भावना, जोश, जाँगरले र तपाईंको कामले यस जीवनमा तपाईं कस्तो हुन चाहनुहुन्छ र कस्तो हुनेछ सो निर्धारण हुनेछ। प्रत्येक येशूभक्तले स्वर्गमा केवल आफ्नो चरित्रमात्र लानेछ।

तर हामीहरूको आफ्नै अथक प्रयासमा नयाँ र असल बानी र नयाँ र असल चरित्र वा स्वभावको निर्माण गर्न सक्दैनौं। हामी आफैले आफैलाई पवित्र वा शुद्ध बनाउन सकिँदैन। नयाँ तथा असल बानी निर्माण गर्नु भनेको हामी पवित्र वा शुद्ध हुन पवित्रको अगुवाईलाई अङ्गाल्नु हो। हामी क्रिश्चयन हौं भनेर दावी गर्न चाहन्छौं भने हामीहरू असल बानीव्यवहोरामा हिँड्नु जरुरी छ भनेर हामीले बुझ्नु पर्छ। हामीहरूमा असल गुण वा चरित्रको निर्माण गर्न असल बानी व्यहोराले सहयोग गर्दछ। ती गुणहरूमा धैर्यता, प्रेमिलो वा ममतामयी र विश्वासिलो समावेश हुन्छ। तिनीहरूमा दया र असल, र कोमल, भलाद्मीपन र आफूले आफैलाई बसमा राख्न सक्ने क्षमता भित्रिएका हुन्छन्।

जब हामीहरूको हृदय पवित्र आत्माले भरियो भने के हुन्छ? हामीहरू परमेश्वरका सक्रिय कार्यकर्ता हुन्छौं। तर कतिपय समयमा हामी उहाँको निम्ति काम त गर्छौं तर हामीलाई पवित्र बनाउने वा निश्कलङ्क राख्ने परमेश्वर हुनुहुन्छ भन्ने कुरा बिर्सन्छौं। हामीहरूको जीवनमा सुरू गरिएको असल काम कसले पूरा गर्नुहुनेछ भन्ने पनि हामी बिर्सन्छौं (फिलिप्पीहरूलाई १:६)। परमेश्वरको निम्ति काम गर्ने भनेर हामी धेरै कुराहरूमा व्यस्त हुन्छौं। अनि प्रार्थना गरेर उहाँसँग रमाइलो मानेर बस्ने समय निकाल्न हामी बिर्सन्छौं। यथार्थमा भन्ने हो भने यदि हामी प्रार्थना गर्न फुर्सद छैन किनभने हामी अति व्यस्त छौं भने हामी असली येशूभक्त हुन सक्दैनौं। इसाईचाहीं भन्ने तर परमेश्वरसँग रमाइलो समय बिताउन समय निकाल्न सकेन भने त्यो व्यक्ति इसाई भन्न सुहाउँदैन।

ज्ञानमा पौरख हुनु र जीवनमा सफलता पाउनु महत्त्वपूर्ण पक्षहरू हुन्। तर येशू ख्रीष्ट र पवित्र आत्माबिना हामी केही पनि गर्न सक्दैनौं भन्ने

कुरा कहिलै पनि बिर्सनुहुन्न। किनभने यस संसारमा महान् काम गऱ्यो भन्दैमा त्यो पवित्र काम हो भन्न सकिँदैन।

कतिपय मानिसहरूले परमेश्वरको निम्ति महान् कामहरू गरें भनेर सोच्दछन् होला। तर तिनीहरू साँच्चिकै परमेश्वरलाई पछ्याइरहेको छ भन्न मिल्दैन। येशू आफैले भन्नुभयोः "ती दिनमा वा न्यायको दिनमा मलाई धेरैले भन्नेछन्, 'प्रभु, प्रभु तपाईंको नाउँमा अगमवाणी बोलेनौं र वा (तपाईंको वचन हामीले प्रचार गरेनौं र)? के हामीले तपाईंकै नाउँमा अशुद्ध आत्माहरूलाई धपाएनौं र? के तपाईंकै नाउँमा धेरै अचम्मका कामहरू गरेनौं र?"' (मत्ती ७:२२,२३ रूपान्तरित)। यसको अर्थ कतिपय मानिसहरू परमेश्वरको अगुवाईमा चल्दछन् भने कतिपय इसाई भनाउँदाहरू नै आफ्नो चाहना अनुसार चल्छन् वा आफ्नो भाऊ खोज्न काम गर्दछन्। ती दुई समूहहरू धेरै फरक छन्।

परमेश्वरको अगुवाईमा हामीहरू चलेका छौं भनेर हामीले कसरी थाहा पाउने? यदि त्यो थाहा पाउन चाहन्छौं भने हामीहरूले दुई थोक गर्नुपर्छ जसले गर्दा हामी परमेश्वरको अगुवाईमा हामीहरूका जीवन चलिरहेका छौं भनेर देखाउँदछ। पहिलो, परमेश्वरको आवाज सुन्न वा उहाँले अऱ्हाएको काम गर्न बोलाएको सुन्न हामीले समय निकाल्नै पर्छ। मानौं हामीले परमेश्वरको आवाजलाई सुन्न चाहनौं भने? तब हामी आफ्नै स्वार्थको निम्ति वा आफ्नै चाहनालाई अघि बढाउन चल्ने हुन्छौं। अनि हामीमा कुनै बल वा तागत, शक्ति, शान्ति र हामीहरूको काममा निरन्तर आशिषको अनुभव हुँदैन। दोस्रोमा, हामीहरूको अति महान् आवश्यकता भनेको हामीहरू परमेश्वरसँग समय बिताउनु हो। र उहाँको आवाज हामीले सुन्नै पर्छ। अनि बाइबलबाट हामीले नयाँ बल, जोशजाँगर पाउँछौं। उहाँको अगुवाईमा चल्दा र उहाँका आवाजलाई सुन्ने बानी बसाल्दा हामीहरूको काममा शक्ति आउँछ र अरूलाई हामीले येशूतिर फर्काउन सक्नेहुन्छौं।

**उपसंहारः**

एलेन जी ह्वाइटद्वारा लिखित *क्राइस्ट अब्जेक्ट लेसनसको* पृ. ९५-१०५मा "लाइक अन्टु लिभन"मा पवित्र जीवनको बारेमा थप जानकारी पाइन्छ। परमेश्वरको पवित्रताको बारेमा बुझ्न पनि हामीले कसरी थाल्ने? त्यो हामीहरूको दिमागले बुझ्न नसक्ने बिषय हो। हामी पापी हौं र कलङ्कित छौं

तर परमेश्वर शिद्ध र निष्कलङ्क हुनुहुन्छ। परमेश्वरको पवित्रताले गर्दा नै उहाँ को हुनुहुन्छ सो हुनुभएको छ। हामी मानव जातले भोग्नु परेको पाप र मृत्युले खाँदिएको संसारको भाग हुनुहुन्न। तर अत्यन्त अचम्म तथा उदेकको कुरो त यो छः उहाँको पवित्रतामा सहभागी हुन उहाँले हामीलाई अवसर दिनुहुन्छ। त्यो नै उहाँ र मानिसहरूको बीचमा भएको करार वा सम्झौतामा सहभागी हुने अवसर हो। उहाँले भन्नुभयो, "सारा इस्राएलका समुदायलाई घोषणा गर। तिनीहरूलाई भन "तिमीहरू पवित्र होऊ किनभने म पवित्र छु।" (लैव्य १९:२ रूपान्तरित)। वा पावलले लेखेका हिब्रूको पुस्तकमा लेखिएको छः "दिनहरू आउँदैछन्, परमेश्वरले घोषणा गर्नुहुन्छ। इस्राएलका जनहरूसँग म नयाँ करार बाँध्नेछु वा सम्झौता गर्नेछु। यहूदाका जनहरूसँग पनि त्यही गर्नेछु।... मेरा व्यवस्था वा नीतिहरू तिनीहरूको दिमागमा राखिदिनेछु। तिनीहरूको हृदयमा लेखिदिनेछु। म तिनीहरूको परमेश्वर हुनेछु र तिनीहरू मेरा जनहरू हुनेछन्।" (हिब्रू ८:८,१० रूपान्तरित)। ती पदहरूमा पवित्रता, करार र व्यवस्थाको बीचमा सम्बन्ध गाँसिएको पाइन्छ। परमेश्वरको व्यवस्थालाई पालन नगरि हामी पवित्र हुन सक्दैनौं वा शिद्ध हुनसक्छु भन्ने दावी गर्द सक्दैनौं। र हामी उहाँका आज्ञा वा नीतिहरू पालन गर्छौं किनभने पवित्र आत्माले तिनीहरूलाई हामीहरूको हृदयमा लेखिदिनुहुन्छ। परमेश्वरको पवित्रतामा सहभागी हुन हामीलाई दिएको अवसरलाई सुवर्ण अवसर वा मौकाको रूपमा लिनु पर्दछ (हिब्रू १२:१० रूपान्तरित)। हामी परमेश्वरमा पवित्र छौं र पवित्र तथा शिद्ध जीवन यापन गरिरहेका छौं भनेर देखाउन उहाँको व्यवस्था वा नीतिलाई सहस्र स्वीकार गरेर देखाउँछौं।

**चिन्तनमननः**

अ. तेस्रो बुँदामा सोधिएको प्रश्नमा पापले गर्दा आन्तरिक युद्ध छेडिरहेको छ त्यसबाट कसरी जीत्ने भनेर सोच्नुहोस्।

आ. हामीहरूको हृदय र दिमागमा परमेश्वरको व्यवस्था लेखिनु भनेको के हो? कागजको खोस्टा वा ढुँगाको पाटीमा लेखिनु र हृदयमा लेखिनुको बीचमा के अन्तर छ?

इ. जब तपाईं परमेश्वरको पवित्रताको बारेमा सोच्नुहुन्छ तब तपाईंको दिमागमा के आउँछ? परमेश्वरको पवित्रतालाई येशूले हामीलाई कसरी देखाउनुभएको छ?

ई. पवित्रताको जग के हो? हामी कसरी पवित्र हुने?

उ. हामीले यो पढ्यौं, "परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूले हामीलाई उद्धार गर्न सक्दैन। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू हामीहरूको मुक्तिको बाटो हो भन्ने नीति कहिलै पनि लिएका छैनौं। तर उद्धार पाएकाहरूको मार्गचाहीँ हो भनेर जिकिर गर्छौं।" जब कोही इसाई हुँ भनेर दावी गर्दछ तब उसको हृदयमा पवित्र आत्माले काम गरिरहेको हुनुपर्छ भनेर जनाउ दिँदै परमेश्वरको व्यवस्था वा दश आज्ञाको गरिमालाई उपरोक्त पदले हामीलाई कसरी बुझाउन खोज्दछ?